नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

पत्र संख्याः-
चलानी नं.:-

सिंहदरबार,
काठमाडौँ, नेपाल ।

मितिः २०७९/१२/२७

## प्रेस विज्ञप्ति।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले शैक्षिक सूचना तथा तथ्याङ्क हरेक व्यक्तिको पहुँचमा पुर्याउने उद्देश्यले विकास गरिएको शैक्षिक सूचनाहरू सङ्ग्रहित रहने मोबाइल एप Educational Information र वार्षिक बजेट तथा कार्यक्रमसँग सम्वन्धित प्रगति विवरण अनलाइनवाट सङ्कलन गर्न सक्नेगरी विकास गरिएको अनुगमन सफ्टवेयर प्रणाली सञ्चालनमा ल्याउने निर्णय गरेको छ । मन्त्रालयमा सचिव, सहसचिव तथा विभागीय प्रमुखहरूसँग माननीय मन्त्री श्री अशोक कुमार राईज्यूले सर्वसाधारणले प्रयोग गर्न सक्नेगरी विकास गरिएको मोबाइल एपका साथै मन्त्रालय र अन्तरगतका निकायहरूले प्रयोगमा ल्याउने सफ्टवेयरको प्रयोगको विषयमा छलफल तथा अन्तरक्रिया समेत गर्नु भएको थियो ।

मन्त्रालयले विकास गरेको शैक्षिक सूचनाहरू सङ्ग्रहित रहने मोबाइल एप Educational Information एन्ड्रोइड मोबाइलहरूमा डाउनलोड गरी प्रयोग गर्न सकिनेछ । यो एपबाट शैक्षिक तथ्याङ्क तथा शिक्षासँग सम्बन्धित जानकारीहरू प्राप्त गर्न सकिनेछ । त्यसैगरी बजेट तथा अनुगमन सफ्टवेयर तत्काललाई परीक्षणको रूपमा प्रयोगमा ल्याई आगामी आर्थिक वर्षको बजेट कार्यान्वयनसँगै आगामी साउन १ गतेदेखि पूर्ण रूपमा कार्यान्वयनमा ल्याउने लक्ष्य राखिएको छ । यसबाट हाल प्रतिवेदन प्रणालीमा देखिएको समस्या समाधान गर्नका लागि सङ्घ, प्रदेश र स्थानीय तहले आ-आफ्नो युजरनेम र पासवर्ड राखेर कार्यक्रम अपलोड गर्न र उक्त कार्यक्रमका सम्बन्धमा भएको प्रगति विवरण भर्न सक्नेछन् । यो सफ्टवेयरको प्रयोगले शिक्षा प्रशासनमा विद्युतीय सुशासनलाई प्रवर्द्धन गर्ने अपेक्षा गरिएको छ ।

(दीपक शर्मा)
सहसचिव एवं प्रवक्ता